# नेपाल पत्रकार महासङ्घको चुनाव र महिला उम्मेदवार

संगीता लामा

२०६५ वैशाख २१ र २२ गते काठमाडौँमा आयोजित नेपाल पत्रकार महासङ्घको केन्द्रीय चुनावमा २४ ओटा पदका लागि ९० जना पुरुष र नौ जना महिला गरी ९९ जना पत्रकार उम्मेदवारहरू चुनावको मैदानमा उत्रिएका थिए। नौ महिला उम्मेदवारमध्ये सात जनाले महिलाको समावेशी सिटका लागि र दुईजनाले पुरुषसँग प्रतिस्पर्धा गर्नुपर्ने महासचिव र सदस्य पदका लागि उम्मेदवारी दिएका थिए। *नेपाल* साप्ताहिकमा कार्यरत यशोदा तिम्सिना महिलाको समावेशी सिटका लागि ३११ मत प्राप्त गरी सदस्य पदमा विजयी भएकी थिइन्। पत्रकार सङ्घ र पत्रकार महासङ्घको करिब ५३ वर्षको इतिहास[१] लाई केलाउँदा गत चुनावअघि कहिल्यै पनि यति धेरै पत्रकार महिलाहरूले महासङ्घको केन्द्रीय नेतृत्वका लागि उम्मेदवारी दिएको उदाहरण छैन।

---

१ तत्कालीन नेपाल पत्रकार सङ्घको स्थापना वि.सं. २०१२ मा भएको हो र यसलाई २०५३ मा नेपाल पत्रकार महासङ्घमा परिणत गरियो। यो पत्रकारहरूको छाता सङ्गठन हो। महासङ्घअन्तर्गत ७१ जिल्ला शाखा, २९ प्रतिष्ठान शाखाहरू जस्तै गोरखापत्र संस्थान, नेपाल समाचारपत्र, हिमाल मिडिया, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, रेडियो सगरमाथा आदि र नौ एसोसियट संस्थाहरू जस्तै खेलकूद पत्रकार मञ्च, एभरेष्ट प्रेस क्लब, चलचित्र समीक्षक समाज, दक्षिण एसियाली खेलकूद पत्रकार सङ्घ, पत्रकारिता विकास समाज, पत्रकारिता अनुसन्धान तथा तालिम समाज, कार्टुनिस्ट क्लब नेपाल, अनलाइन पत्रकार सङ्घ गरी कुल १०९ ओटा शाखा तथा सदस्य संस्थाहरू छन्।

बदलिँदो राजनीतिक तथा सामाजिक परिस्थिति, राज्यको हरेक तहमा कमसे कम ३३ प्रतिशत महिला हुनुपर्दछ भनेर महिला आन्दोलनले उठाएको मुद्दा, पत्रकार महिलाका सङ्घसंस्थाहरूले विभिन्न समयमा उनीहरूको अवस्था र हक अधिकारका मुद्दामा आयोजना गरेका गोष्ठी, भेला र दबाबमूलक कार्यक्रम आदिले गर्दा पत्रकार महिलाहरूमा राजनीतिक चेतना र नेतृत्वको चाहना बढेको पाइन्छ। महिला, मधेसी, दलित, जनजाति र अन्य पछाडि पारिएका वर्गले राज्यको हरेक तह र समाजका हरेक क्षेत्रमा उनीहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने माग राखेर आन्दोलन गरेपछि महासङ्घ पनि यसको प्रभावबाट टाढा रहन सकेन। महासङ्घको नेतृत्वलाई समावेशी बनाउन महिला र पछाडि पारिएका समुदायका पत्रकारलाई पनि महासङ्घको नेतृत्वमा स्थान दिइनुपर्ने माग महासङ्घभित्रै उठ्न थाले। परिणामस्वरूप परिवर्तनकै लागि पनि २०६४ सालमा अघिल्लो कार्यसमितिले महासङ्घको विधान संशोधन गरेर यसको चरित्र समावेशी बनाउने कोसिस गऱ्यो। त्यसअनुसार कम्तीमा एक-एक जना महिला, दलित, आदिवासी जनजाति र मधेसी समुदायका पत्रकारहरू निर्वाचित भएर केन्द्रीय नेतृत्वमा आउनुपर्ने व्यवस्था छ। तर, ती पदहरूका लागि महिलाले महिलासँग, दलित, मधेसी र जनजातिले पनि आ-आफ्ना समुदायका पत्रकारसँग मात्र चुनावमा लड्न पाउँछन्।

यो लेख श्रमजीवी नेपाली पत्रकारहरूको छाता सङ्गठनको रूपमा रहेको नेपाल पत्रकार महासङ्घ र त्यसको नेतृत्व तहमा पत्रकार महिलाको प्रतिनिधित्वको स्थिति, त्यसका लागि महासङ्घभित्रको वातावरण तथा भावी सम्भावनाबारे केन्द्रित छ। त्यस क्रममा महासङ्घको चुनावी प्रक्रियाबारे केही अनुभव पनि प्रस्तुत गरिएको छ।

## आरक्षणको खुड्किलो

महिलाले पुरुषसँग चुनाव जितेर महासङ्घको नेतृत्वमा पुग्ने स्थिति अझै धेरै टाढा छ। यदि विधान संशोधन नगरिएको भए केन्द्रमा यसपाली पनि सधैँ झैँ मनोनित एकजना महिला सदस्यबाहेक चुनाव जितेर त्यहाँ पुग्ने महिला सदस्य सायद हुने थिएनन्। जिल्ला शाखाहरूमा अझै पनि पहिलेझैँ महिलाको उपस्थिति शून्य रहने थियो। किनभने संशोधित विधानमा महिला, आदिवासी जनजाति, दलित र मधेसी पत्रकारका सन्दर्भमा उनीहरूले पत्रकार महासङ्घको सदस्यता प्राप्त गर्न कम्तीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको र एकवर्ष पत्रकारिता गरेको हुनुपर्ने व्यवस्था छ। त्यसबाहेकका वर्ग वा समुदायका पत्रकारको योग्यता चाहिँ कम्तीमा प्रवेशिका उत्तीर्ण भए तीन वर्ष, प्रविणता प्रमाण पत्र तह उतीर्ण भए

दुई वर्ष तथा स्नातक वा सोभन्दा माथिको शैक्षिक योग्यता भए एक वर्ष पत्रकारिता गरेको हुनुपर्ने भनिएको छ । संशोधन हुनुअघि सबै लिङ्ग वा समुदायका लागि यही व्यवस्था थियो । यसले गर्दा पनि गत वर्षदेखि महासङ्घमा महिलाको सदस्यता बढेको छ। संशोधित विधानमा महासङ्घको जिल्ला तथा संस्थागत सदस्य संस्थाहरूले महिला सदस्य भएको खण्डमा अनिवार्य रूपमा एकजना महिला सहितको समिति गठन गर्नुपर्ने व्यवस्था छ । यही कारणले गत वर्षदेखि धेरै ओटा जिल्ला शाखाहरूमा कमसे कम एकजना महिला नेतृत्वमा देखिन थालेका छन्। तर जिल्ला शाखाको अध्यक्ष पदको उम्मेदवार हुनका लागि निरन्तर पाँच वर्ष महासङ्घको सदस्य हुनुपर्ने प्रावधान विधानमा छ । निरन्तर पाँच वर्ष महासङ्घको सदस्य भएका महिलाको सङ्ख्या निकै न्यून भएको कारणले पनि अहिलेसम्म पत्रकार महिलाहरूले कुनै पनि जिल्ला शाखाको अध्यक्षता गर्ने मौका पाएका छैनन्। अहिले (२०६६ सालमा) जिल्ला शाखाको नेतृत्वमा भएका महिलाहरूमध्ये एकजना उपाध्यक्ष र दुईजना सचिव छन्। बाँकी सबै सदस्य पदमा छन्। तर अर्को चुनावमा यी महिलाहरू मध्येबाट कम्तीमा एक वा दुईजना केन्द्रीय नेतृत्वमा पुग्ने आशा गर्न सकिन्छ ।

महासङ्घको अहिलेको नेतृत्वको संरचना र त्यहाँ समावेशीमार्फत पुगेका महिलालगायत अन्य पछाडि पारिएका समुदायको प्रतिनिधित्वलाई हेर्दा हुँदै नहुनुभन्दा एक जनाको भए पनि प्रतिनिधित्व सुनिश्चित भयो भनेर सकारात्मक सोच राख्नुबाहेक सन्तुष्ट हुने अवस्था छैन । यसलाई त केवल सुरुआतको रूपमा मात्र लिन सकिन्छ। तर समावेशी सिटका सम्बन्धमा पनि विभिन्न धारणाहरू छन्। यसै सन्दर्भमा *गोरखापत्र*की संवाददाता तथा चितवन जिल्ला शाखाकी सचिव शान्ता अधिकारी भन्छिन् :

> महिलाका लागि आरक्षण सिट केही समयका लागि चाहिन्छ। किनभने अहिले नै महिलाले पुरुषसँग चुनाव लडेर नेतृत्वमा पुग्ने अवस्था छैन। तर कहिलेकाहीँ आरक्षण सिटले हामीलाई पछाडि पार्ने हो कि भन्ने डर पनि मलाई लाग्छ। किनभने पुरुषहरूको महिलालाई कोटामा सीमित राख्ने चिन्तन छ र महिलालाई त्यतिले नै पुगिहाल्छ भन्ने सोचले गर्दा आरक्षण सिटमा बाहेक अरू सिटमा उनीहरू सकेसम्म महिला लानै चाहँदैनन्। मैले चितवन जिल्ला शाखाबाट सचिव पदका लागि चुनाव लडेँ र जितेँ। सुरुमा मलाई पुरुष साथीहरूले महिला सिटबाट लड भनेका थिए तर मैले मानिनँ। बरु त्यो सिटमा अर्कै महिलालाई राख्न दबाब दिएँ र प्रतिमा सिलवाल महिलाको सिटबाट सदस्य बनिन्।[२]

---

२ शान्ता अधिकारीसँग २०६५ चैतको दोस्रो हप्तामा चितवनमा भएको कुराकानी ।

समावेशीका कारणले गर्दा अझ केही वर्षसम्म समावेशीबाहेक अन्य सिटमा महिला, दलित आदिले चुनाव लडेर जान सक्ने वातावरण पुरुषहरूले बन्न दिँदैनन् र चुनाव लडेर जान चाहने वा चुनाव लड्ने क्षमता भएका महिलालाई समेत यो व्यवस्थाले नकारात्मक असर पार्छ भनेर तर्क गर्नेहरू पनि छन् । र, यो कुरो केही हदसम्म साँचो पनि हो । किनभने आरक्षणमार्फत थोरै नै भए पनि प्रतिनिधित्व हुन सक्नु नै अहिलेका लागि ठूलो उपलब्धि हो र महिलाले केही वर्ष यसैमा चित्त बुझाउनुपर्छ भन्ने पत्रकार पुरुषहरूको जमात पनि अझै ठूलै छ ।

महासङ्घका पूर्व अध्यक्ष विष्णु निष्ठुरी भने पुरुषसँग प्रतिस्पर्धा गरेर नेतृत्वमा जान चाहने महिलाहरूलाई महिलाको समावेशी सिटले नछेक्ने बताउँछन् । उनको भनाइ छ :

> महासङ्घको नेतृत्वमा महिलाको प्रतिनिधित्वको मागलाई महासङ्घले सुनेर विधान संशोधन गऱ्यो र महिलाका लागि नयाँ स्थान सिर्जना भयो । यसले सक्षम महिलालाई नेतृत्वमा पुऱ्याउने वैधानिक बाटो खोलेको छ र महिलालाई नेतृत्वसँग सम्बन्धित काम गर्ने अवसर प्रदान गरेको छ । तर महिलाको समावेशी सिटका कारणले अरू सक्षम महिलाहरूलाई प्रत्यक्ष चुनावमार्फत नेतृत्वमा पुग्न गाह्रो हुन्छ भन्ने कुरा गलत हो । किनभने प्रत्यक्ष प्रतिस्पर्धामा जान चाहने सबैका लागि त बाटो खुल्ला छँदैछ नि ।[३]

महासङ्घको जिल्ला शाखाको नेतृत्वमा लगिए पनि अधिकार र अवसर चाहिँ अझै पुरुष नै प्रयोग गर्दा रहेछन् र निर्णय प्रक्रिया अझै अपारदर्शी रहेछ भनेर महसुस हुन थालेको छ । चितवन शाखाको सचिव पदमा निर्वाचित भएपछि शान्ता अधिकारीको अनुभव छ :

> सचिवको काम त देखावटी मात्र रहेछ र वास्तविक निर्णायक तहमा पुग्न र अवसर पाउन त वास्तवमा अध्यक्ष नै बन्नुपर्ने रहेछ र यो केन्द्रदेखि चलेको चलन रहेछ । अध्यक्षलाई धेरै कुरा थाहा हुन्छ र अवसर पनि अध्यक्षले नै धेरै पाउँछ । जस्तो महासङ्घले यसको ५४ औँ दिवस काठमाडौँमा मनाउँदा अध्यक्षहरूलाई मात्र निम्ता दियो, यसले गर्दा दिवस मनाउने सबै पुरुषहरू भए ।"[४]

---

[३] विष्णु निष्ठुरीसँग २०६५ चैतको तेस्रो हप्तामा टेलिफोनमा भएको कुराकानी ।

[४] शान्ता अधिकारीसँग २०६५ चैतको दोस्रो हप्तामा चितवनमा भएको कुराकानी ।

रेडियो नेपालकी पर्वत संवाददाता तथा पर्वत जिल्ला शाखाकी उपाध्यक्ष सरस्वती शर्मा 'जिज्ञासु' को पनि यस्तै अनुभव छ । उनी भन्छिन्, "शाखाका कतिपय निर्णयहरू अझै पारदर्शी ढङ्गले गरिँदैनन् । म उपाध्यक्ष भए तापनि कतिपय औपचारिक बाहेकका निर्णयहरू मलाई पनि थाहा हुँदैन । त्यसैले कति कुराहरू त काठमाडौँमा डाइरेक्ट फोन गरेपछि मात्र थाहा हुन्छ । अवसरहरू आउँदा पनि उपाध्यक्षलाई पठाऊँ भन्दैनन् र अध्यक्ष आफैँ जान्छन् ।"[५]

## किन लडे महिलासँग महिला ?

अनुभव, स्रोत तथा चुनावी रणनीतिमा सबल पुरुषसँग चुनाव लडेर जित्न सक्ने स्थिति नदेखेकाले हुनसक्छ, काठमाडौँमा बसेर पत्रकारिता गर्ने नयाँ पुस्ताका र जिल्लाका अनुभवी पत्रकार महिलाहरूले समावेशी सिटबाहेक पुरुष पत्रकारसँग प्रत्यक्ष रूपले चुनाव लड्ने आँट गरेनन् । बरु महिलाका लागि छुट्ट्याइएको एउटा समावेशी सिटका लागि ७ जना पत्रकार महिलाहरू आ-आफैँबीच चुनावमा भिडे (हेर्नुहोस् तालिका १) । यो विषयलाई पत्रकारहरूले खुलेर टीका टिप्पणी गर्नुका साथै ठट्टामा समेत उडाए । कतिपयले महिला एकता नभएको र महिलाले महिलाकै खुट्टा तान्न लागेको भनेर आलोचना गरे । यसले नकारात्मक सन्देश जान्छ भन्दै कतिले सर्वसम्मतिबाट एकजना नसके दुई वा तीन जनालाई मात्र चुनावमा लड्न उम्मेदवार महिलाबीच सहमति कायम गराइदिन क्रियाशील पत्रकार महिलालाई सहजकर्ता बन्न अनुरोध गरे ।

**तालिका १ : केन्द्रीय निर्वाचनका लागि पत्रकार महिला उम्मेदवारहरूको नामावली र उनीहरूले प्राप्त गरेको मत सङ्ख्या (२०६५)**

| उम्मेदवारको नाम | चुनावमा उठेको पद | संलग्न संस्था | प्राप्त मत |
|---|---|---|---|
| निर्मला शर्मा | महासचिव | सञ्चारिका समूह | १५९ |
| सुचित्रा श्रेष्ठ | सदस्य (उपत्यका) | सञ्चारिका समूह | २० |
| यशोदा तिम्सिना | सदस्य (महिला सिट) | कान्तिपुर | ३११ |
| मैना धिताल | सदस्य (महिला सिट) | कान्तिपुर | ९८ |
| सरस्वती कार्की | सदस्य (महिला सिट) | कान्तिपुर, विराटनगर | १६७ |
| सरला बैजु | सदस्य (महिला सिट) | रासस | ५६ |
| प्रतिमा विश्वास राई | सदस्य (महिला सिट) | स्वतन्त्र, धरान | ११८ |
| रिता गुरुङ | सदस्य (महिला सिट) | नेपाल टेलिभिजन | १७१ |
| अच्छेरी पोखरेल | सदस्य (महिला सिट) | नेपालगञ्ज | उम्मेदवारी फिर्ता |

---

५ सरस्वती शर्मा 'जिज्ञासु' सँग २०६५ चैतको तेस्रो हप्तामा टेलिफोनमा भएको कुराकानी ।

चुनावमा जान तयार भएका महिलाहरूको भनाइ के छ, उनीहरू के चाहन्छन् र अगाडि कसरी बढ्न सकिन्छ भनेर क्रियाशील पत्रकार महिला र सञ्चारिका समूहले चुनावअघि काठमाडौँमा पत्रकार महिलालाई भेला गराएर दुईओटा छलफल चलायो । ती छलफलमा हार जितको वास्ता नगरिकन अनुभव बटुल्नकै लागि मात्र भए पनि समावेशी बाहेकका अरू पदका लागि पनि पुरुषसँग चुनाव लड्न महिलाहरूलाई प्रोत्साहित गरियो । साथै सकेसम्म सर्वसम्मतिबाट एकजना महिलालाई समावेशी सिटका लागि चयन गर्ने विषयमा पनि छलफल भयो । तर सबैजनाले आफूहरू महिलाको समावेशी सिटका लागि योग्य भएको दाबी गर्नुका साथै अहिलेलाई पुरुषसँग चुनाव लडेर जित्न सक्ने वातावरण नरहेको बताए । र, आ-आफैँबीच चुनाव लड्न तम्सिए ।

सर्वसम्मतिबाट एकजना पत्रकार महिलालाई समावेशी सिटका लागि चयन गर्न सक्ने स्थिति नरहेपछि पत्रकार महिलाहरूले पहिलोपटक चुनावमा जान लिएको यो अडान र रणनीतिलाई क्रियाशील पत्रकार महिला तथा सञ्चारिका समूहले सकारात्मक रूपले लिने निर्णय गऱ्यो । उनीहरूको यो चुनावी अनुभवले अर्को चुनावका लागि रणनीति तय गर्न र आत्मविश्वास बढाउन सजिलो हुने भएकाले आखिर कुनै हानि हुने थिएन पनि । जसरी एउटा अध्यक्ष पदका लागि चार पाँचजना पुरुषहरू भिड्दा त्यसलाई असामान्य मानिँदैन र त्यो ठट्टाको विषयवस्तु बन्दैन, त्यसरी नै सातजना महिलाहरूले एउटा पदका लागि चुनाव लड्नु असामान्य थिएन । र, यस मुद्दालाई सामान्य रूपमा लिँदै सबै एकमत भई अगाडि बढ्ने निर्णय भयो । यसैले क्रियाशील पत्रकार महिला र सञ्चारिका समूहले संस्थागत रूपमा कुनै पनि महिला उम्मेदवारको पक्ष वा विपक्षमा चुनाव प्रचारप्रसारमा नलागी तटस्थ भूमिका निर्वाह गर्ने सहमति पनि भयो ।[६]

पत्रकार महिलाहरू राजनीतिमा रुचि राख्दैनन्, उनीहरूमा आत्मविश्वासको कमी छ, उनीहरू नेतृत्व लिन डराउँछन् र नेतृत्व तहको जिम्मेवारी लिन चाहँदैनन् भन्ने सोच पत्रकारिता क्षेत्रमा पनि छ । तर यो सोच पुरानो भइसक्यो र यो धेरै हदसम्म गलत छ भन्ने कुरा गत चुनावमा सात जना पत्रकार महिलाले भाग लिन गरेको निर्णयले प्रमाणित गरिदिएको छ । बरु मौका, स्थान पाएमा र

---

[६] २०६५ को वैशाख महिनाको दोस्रो हप्तातिर क्रियाशील पत्रकार महिला र सञ्चारिका समूहले साफ्माको कार्यालयमा समावेशी सिटका लागि काठमाडौँबाट उम्मेदवारी दिन चाहने पत्रकार महिला र काठमाडौँमा कार्यरत पत्रकार महिलाहरूबीच छलफल आयोजना गरेको थियो । सो छलफलमा पत्रकार महिलाहरूले महासङ्घको चुनावमा के कस्ता रणनीति अपनाउन सक्छन् र समावेशी सिटबाहेक पुरुषसँग नै प्रतिस्पर्धा गर्नुपर्ने अन्य पदमा पनि किन उम्मेदवारी नदिने भन्ने विषयमा छलफल भएको थियो ।

नेतृत्वमा जान सक्ने वातावरण बनेमा महिला तथा अन्य पछाडि पारिएका समुदाय पनि नेतृत्व तहमा पुग्न पछि पर्दैनन् भन्ने कुराको प्रमाण महासङ्घको गत चुनावले पुष्टि गरेको छ। उनीहरूलाई अहिले नेतृत्वमा जाने वातावरण केही हदसम्म महासङ्घको विधान संशोधनले दिएको हो। यद्यपि, महासङ्घको विधान अझै पनि उदारपूर्ण ढङ्गले संशोधन गरिएको छैन। विभिन्न क्षेत्र तथा समुदायको दबाब धान्न नसकेर मात्र विधानको बन्द ढोका थोरै उघारिएको हो, जहाँबाट अहिले महिला र अन्य पछाडि पारिएका समुदायले नेतृत्वमा चियाउने मौका पाएका छन्।

## महासङ्घमा महिला नेतृत्व

नेपाल पत्रकार सङ्घ तथा नेपाल पत्रकार महासङ्घको इतिहासलाई केलाउँदा अहिलेसम्म केन्द्रीय तथा जिल्ला शाखाको नेतृत्वमा महिला अध्यक्ष भएको उदाहरण छैन। पत्रकार महासङ्घको स्थापनादेखि हालसम्म २० जना पत्रकार पुरुषहरू अध्यक्ष भइसकेका छन्। महासङ्घको अहिलेको संरचना र पुरुष पत्रकारहरूको मानसिकता केलाउँदा पत्रकार महिलाले महासङ्घको अध्यक्ष हुने दिन नेपालमा महिला प्रधानमन्त्री वा राष्ट्रपति हुने दिनभन्दा पनि टाढा छ। किनभने बदलिँदो राजनीतिक परिस्थितिमा राजनीतिक दलहरू महिलालाई नेतृत्व दिने मामिलामा महासङ्घभन्दा बढी उदार देखिएका छन्। यो कुराको पुष्टि संविधानसभामा १९७ जना महिलाको उपस्थितिले पनि गर्दछ। तर महासङ्घको हालको २४ सदस्यीय कार्यसमितिमा दुईजना मात्र महिला सदस्य छन्। समावेशी सिटमा निर्वाचित एक सदस्यबाहेक जुम्लाकी गौरी कठायतलाई सदस्य पदमा मनोनित गरिएको छ।

अहिलेसम्मको तथ्याङ्क हेर्ने हो भने महासङ्घको केन्द्रीय नेतृत्वमा एक दर्जन महिला पनि पुगेका छैनन्। महासङ्घको सबैभन्दा उच्च पदमा पुग्ने महिला पत्रकार राधा बुढाथोकी हुन्। उनी २०५२ सालको निर्वाचनबाट उपाध्यक्ष पदमा निर्विरोध चुनिएकी थिइन्। यसपछि महासङ्घको केन्द्रीय कार्यसमितिमा क्रमशः शोभा गौतम, निर्मला शर्मा, विष्णु शर्मा, जसुदा प्रधान, हरिकला अधिकारी, दुर्गा कार्की, यशोदा तिम्सिना र गौरी कठायत रहेका छन्। यीमध्ये पुरुष पत्रकारसँग प्रत्यक्ष चुनाव लडेर केन्द्रीय सदस्यको पद प्राप्त गर्ने निर्मला शर्मा मात्र हुन्। यशोदा तिम्सिनाले महिलाको समावेशी सिटमा चुनाव जितेकी हुन् भने बाँकी सबै मनोनित भएर आएका हुन्।

राजनीतिक दलहरूले लोकलाज र महिला आन्दोलनले सिर्जना गरेको दबाबकै कारण भए पनि ३३ प्रतिशत महिलालाई संविधानसभामा पुऱ्याएका छन् । दलका नेताहरूले यथार्थमा महिलालाई नेतृत्व र निर्णायक तहमा लैजान नचाहे पनि भाषणमा भने महिलालाई नेतृत्व दिनुपर्ने कुरा नहिच्किचाई गर्छन् । तर महासङ्घको केन्द्रीय र जिल्लास्तरका नेताहरू महासङ्घमा ३३ प्रतिशत महिला सहभागिताको कुरा व्यावहारिक रूपमा लागू गर्न कठिन हुन्छ भन्दै यसलाई सैद्धान्तिक रूपमा स्वीकार्नसम्म तयार छैनन् । पत्रकार महिलाले औपचारिक र अनौपचारिक ढङ्गले महासङ्घमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको कुरा उठाउँदा उनीहरू यसलाई हाँसोमा उडाउँछन् र महिलाले महासङ्घमा ३३ प्रतिशतको कुरो उठाउने बेला भएको छैन भनेर महिलाको आवाजलाई दबाउने कोसिस गर्छन् ।

तर यसको अर्थ शतप्रतिशत पत्रकार पुरुषहरूको सोच एउटै छ भन्ने पनि होइन । पश्चिमाञ्चल क्षेत्रको प्रतिनिधित्व गर्ने महासङ्घको केन्द्रीय सदस्य पुण्य पौडेलको सोच अधिकांश पुरुष पत्रकारको भन्दा फरक छ । उनी महिलालाई नेतृत्वमा लाने कुरामा उदार देखिन्छन् र नयाँ नेपालमा पनि पुरानै मानसकिता भएका पुरुषहरूको वर्चश्व रहेको कुरा स्वीकार्छन् । महिलालाई नेतृत्व दिने कुरामा पुरुषहरू अझै उदार नभएको र नेतृत्व आफैँले ओगट्नुपर्छ भन्ने उनीहरूको सोचमा अझै परिवर्तन नआएको कुरा उनी बताउँछन् । पुण्य पौडेल भन्छन्, "महिलाले अझ पनि पुरुषसँग प्रतिस्पर्धा गरेर चुनाव जित्न सक्ने वातावरण छैन । त्यसकारण कास्की जिल्ला शाखाको निर्वाचनका बेला मैले कमसे कम एकजना महिलालाई केन्द्रीय निर्वाचनमा मतदान गर्ने अधिकार प्राप्त सभासद् बनाऊँ भन्दा हामीबीच सहमति भएन र कास्की जिल्लाबाट १७ जना पुरुषहरू मात्र सभासद् निर्वाचित भए ।"[७] महिलाहरूले पनि पद खोज्ने तर मेहनत नगर्ने र समाचार सङ्कलन, रिपोर्टिङ र लेखनतिरभन्दा रेडियोमा बोल्न वा आफ्नो आवाज सुनाउन रुचाउँछन् । यसले गर्दा पनि महिला पछि परेको उनको धारणा छ ।

## सङ्ख्याको राजनीति

महासङ्घमा पत्रकार महिला र उनीहरूका मुद्दालाई गम्भीर ढङ्गले नलिनुको एउटा मुख्य कारण महिलाको सानो सङ्ख्या पनि हो । पत्रकारिता क्षेत्रमा महिलाको

---

[७] २०६५ चैतको दोस्रो हप्तातिर पश्चिमाञ्चल क्षेत्रबाट महासङ्घमा प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य पुण्य पौडेलसँग चितवनमा भएको कुराकानी ।

अहिलेको सङ्ख्या र उपस्थितिलाई उनीहरूले समग्र पत्रकारिता क्षेत्रको विकास र प्रेस स्वतन्त्रताको क्षेत्रमा पुऱ्याउन सक्ने योगदानसँग जोडेर हेर्नुभन्दा पनि चुनावको राजनीति र जित हारसँग जोडेर हेर्ने मानसिकताका कारण महिलाका विषयमा बोल्न र उनीहरूका सीप तथा नेतृत्व विकासमा सहयोग पुऱ्याउन महासङ्घको नेतृत्व त्यति उत्साहित देखिँदैन।

पत्रकार महिलाको हालको सङ्ख्या पुरुषको तुलनामा अत्यन्त थोरै अर्थात् १० प्रतिशतको हाराहारीमा मात्र छ। पछिल्लोपटक अद्यावधिक गरिएको तथ्याङ्कअनुसार महासङ्घको कुल सदस्य सङ्ख्या करिब आठ हजार रहेको छ भने पत्रकार महिलाको सङ्ख्या ८१८ छ। महासङ्घको हालको करिब आठ हजार सदस्यको सूचीलाई विश्लेषण गर्दा केही वर्षदेखि लगातार पत्रकारिता गरिरहेका कतिपय पत्रकार महिलाहरू अझै पनि महासङ्घको सदस्य सूचीमा भेटिँदैनन् भने कतिपय गैरपत्रकार महिलाहरू सदस्य सूचीमा देखिन्छन्। त्यसरी नै पत्रकारिता छोडिसकेका र लामो समयदेखि पत्रकारिता छोडेर विदेशमा बसिरहेकाहरूको समेत सदस्यता हालसम्म पनि नवीकरण भइरहेको छ। यो कुरा पुरुष सदस्यमा पनि लागू हुन्छ। त्यसरी नै महासङ्घको निर्वाचन प्रणालीअनुसार सम्पूर्ण साधारण सदस्यलाई चुनावमा मतदान गर्ने अधिकार छैन। साधारण सदस्यमध्येबाटै निर्वाचित भएका प्रतिनिधिलाई मात्र मतदानको अधिकार छ। मतदान गर्ने अधिकार प्राप्त प्रतिनिधिहरूलाई पार्षद् वा सभासद् पनि भन्ने गरिन्छ। महासङ्घको विधानअनुसार महासङ्घको प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाहरूमा ५० जनासम्म साधारण सदस्य भएमा पाँच सदस्य बराबर एक जना सभासद् र सोभन्दा बढी भए १० जना बराबर एक सभासद् निर्वाचित हुने व्यवस्था छ। गत चुनावमा निर्वाचित र मनोनित सभासद्हरूको कुल सङ्ख्या १,०५० थियो। तीमध्ये महिला सभासद्को सङ्ख्या ५३ जना मात्र थियो। गत चुनावमा मतदान गर्ने अधिकार प्राप्त महिला सभासद्को सङ्ख्या कुल सभासद्को करिब पाँच प्रतिशत मात्र थियो। तर महासङ्घको इतिहासमा नै गत चुनावका बेला पहिलो पटक ५३ जना महिलाले सभासद् बन्ने मौका पाए। यसअघि सभासद् महिलाको सङ्ख्या अत्यन्त न्यून हुन्थ्यो।

पत्रकार महासङ्घको नेतृत्वमा प्रवेश गर्नका लागि महासङ्घको सदस्यता पाउनु जरुरी छ। तर काठमाडौं बाहेकका जिल्लामा कार्यरत पत्रकार महिलाहरूले महासङ्घको सदस्यता पाउन निकै नै सङ्घर्ष गर्नुपरेको र कतिले अझै पनि सदस्यता नपाएको तीतो अनुभव पत्रकार महिलाहरूको छ। महासङ्घको जिल्ला नेतृत्वले क्रियाशील पत्रकार महिलालाई महासङ्घको सदस्यता नदिने तर काम छोडेका वा

पत्रकारिता नगर्नेलाई सदस्यता दिने प्रवृत्ति रहेको पत्रकार महिलाहरू गुनासो गर्छन्। पर्वत जिल्ला शाखाकी उपाध्यक्ष सरस्वती शर्मा 'जिज्ञासु' को अनुभव छ :

> पत्रकार पुरुषहरू सकेसम्म जिल्ला नेतृत्वमा महिलालाई ल्याउन खोज्दैनन्। महिलाले महासङ्घको सदस्यता मागे कहिले क्राइटेरिया पुगेको छैन त कहिले यो भएन र त्यो भएन भनेर झुलाउँछन्। मैले पनि महासङ्घको सदस्यता प्राप्त गर्न निकै अप्ठेरो बेहोर्नुपऱ्यो। सदस्यताका लागि आवेदन दिएको लामो समय बितिसक्दा पनि सदस्यता नपाएपछि मैले काठमाडौँको केन्द्रीय नेतृत्वलाई पटकपटक सम्पर्क गरेपछि मात्र बल्लबल्ल सदस्यता पाएँ।[८]

रेडियो मदनपोखरामा कार्यरत पत्रकार मुना घिमिरे पनि महासङ्घको सदस्यता वितरण प्रक्रिया पारदर्शी नभएको र राजनीतिक विचारधाराका आधारमा स्थापना भएका पत्रकारहरूको विभिन्न समूहबीच खिचातानी हुने गरेको विचार राख्छिन्। उनको भनाइ छ, "महासङ्घको सदस्य बन्न खोज्दा नेतृत्वभित्र रहेका समूहहरू जस्तो प्रेस चौतारी र प्रेस युनियनका साथीहरूमध्ये एक पक्षले सदस्यता दिने भन्यो भने अर्को पक्षले नदिने भन्छन्। चाहेर नचाहेर सदस्यता प्राप्त गर्न एक पक्षको समर्थन गर्नुपर्ने अवस्था छ।"[९]

महिलाको भोटले चुनावमा खासै निर्णायक भूमिका खेल्न सक्दैन र महिलाको समर्थन र भोटविना पनि चुनाव जित्न सकिन्छ भन्ने पुरुष मानसिकताले गर्दा महिला मतदाता वा महिला उम्मेदवारले पुरुष नेतृत्वबाट चुनावका बेला खासै सहयोग र समर्थन पाउँदैनन्। त्यसरी नै महिला उम्मेदवारले पनि महिलाको भोट र समर्थनले मात्र चुनाव जित्न सक्ने स्थिति छैन। त्यसकारण पत्रकार महिलाको सङ्ख्या बढाउन र अहिले क्रियाशील पत्रकार महिलाहरूलाई महासङ्घलगायत पत्रकारिताको नेतृत्व र निर्णायक तहमा पुऱ्याउन राज्य, पत्रकार महासङ्घ, प्रेस काउन्सिल र पत्रकार महिलाका सङ्घसंस्थाहरूले आ-आफ्ना ठाउँबाट विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

---

[८] २०६५ माघ २७ र २८ गते बुटवलमा क्रियाशील पत्रकार महिलाले आयोजना गरेको पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रका पत्रकार महिलाको अवस्था र संविधानसभासम्बन्धी दुई दिने गोष्ठीका क्रममा भएको कुराकानी।

[९] २०६५ माघ २७ र २८ गते बुटवलमा क्रियाशील पत्रकार महिलाले आयोजना गरेको पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रका पत्रकार महिलाको अवस्था र संविधानसभासम्बन्धी दुई दिने गोष्ठीका क्रममा भएको कुराकानी।

## राजनीतिक दलको प्रभाव

देशभरिको पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घ अझै पनि दलगत राजनीतिबाट माथि उठ्न सकेको छैन। यद्यपि महासङ्घले व्यावसायिक पत्रकारिताको नारा दिएर पहिलेको तुलनामा स्वतन्त्र छवि प्रस्तुत गर्ने कोसिस भने गरिरहेको छ। अहिलेसम्मको महासङ्घको चुनावलाई विश्लेषण गर्दा कुनै न कुनै राजनीतिक विचारधाराबाट वा राजनीतिक दलसँग नजिक नभएका र दलबाट प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग प्राप्त नगर्ने पत्रकारले महासङ्घको पदाधिकारी पदमा जित्नु करिब असम्भव नै छ।

महासङ्घभित्र चुनावका बेला सक्रिय भूमिका निर्वाह गर्ने एमाले विचारधाराका नजिक पत्रकारहरूको संस्था प्रेस चौतारी, नेपाली काँग्रेस निकट संस्था प्रेस युनियन र एकीकृत नेकपा माओवादीसँग आवद्ध क्रान्तिकारी पत्रकार सङ्घका भोटले महासङ्घको चुनावमा कसलाई जिताउने र कसलाई हराउने भन्ने विषयमा निर्णायक भूमिका खेल्दछ। किनकि प्रेस चौतारी, प्रेस युनियन र क्रान्तिकारी पत्रकार सङ्घ आवद्ध सदस्यहरूको भोट करिब सात आठ सय हुन्छ। चुनावका बेला यी संस्थाहरूले आफ्ना सदस्यहरूलाई कसलाई भोट दिने र कसलाई नदिने भनेर एक प्रकारको अनौपचारिक ह्विप नै जारी गर्ने चलन छ। त्यसकारण, यी संस्थासँग आवद्ध नरहेका पत्रकारले चुनाव जित्ने स्थिति रहँदैन। गत चुनावमा महासचिव पदमा पराजित निर्मला शर्मा पनि अहिलेसम्मको महासङ्घको चुनावमा राजनीतिक दल बाहिरका पत्रकारले पदाधिकारी पदमा चुनाव जितेको उदाहरण नभएको बताउँछिन्। महासङ्घले व्यावसायिक पत्रकारको नारा दिए तापनि सो कार्यान्वयन भएको छैन। शर्मा आफ्नो अनुभव सुनाउँछिन् :

> महासङ्घको चुनाव जित्न राजनीतिक विचारधारा बोकेर मात्र पनि पुग्दैन डेमोक्रयाट वा वामपन्थी प्यानलको पनि आधिकारिक लाइन समात्नुपर्छ। मलाई मान्छेले वामपन्थी भनेर चिने तापनि गत चुनावमा म पार्टीले बनाएको आधिकारिक लिस्टमा थिइनँ र व्यावसायिक पत्रकारिताको मूल्य मान्यता बोकेर नै चुनावमा गएकी थिएँ। त्यस कारणले पनि मैले चुनाव हारेँ। मैले मात्र होइन व्यावसायिक नारा दिने र पार्टीको आधिकारिक लिस्टमा नपर्ने र बागी उम्मेदवार भनेर चिनिएका अध्यक्ष र अन्य पदमा उठेका दुवै पक्षका उम्मेदवारहरूले पनि चुनावमा हार खाए। मलाई लाग्छ यो स्थिति तुरुन्तै बदलिनेवाला छैन। अझ केही समय लाग्छ।[१०]

---

[१०] निर्मला शर्मासँग २०६५ चैतको तेस्रो हप्तामा टेलिफोनमा भएको कुराकानी।

वास्तवमा चुनावअघि नै कुन राजनीतिक दलसँग आवद्ध संस्थाले कतिओटा वा कुन सिट प्राप्त गर्ने भनेर एकप्रकारले अनौपचारिक कोटा विभाजन हुने गर्दछ। चुनावका बेला भिन्न भिन्न राजनीतिक विचारधारा बोक्ने पत्रकारहरूको प्यानल बनाएर चुनाव लड्ने चलन छ। उदाहरणका लागि वामपन्थी र डेमोक्रयाटको प्यानल भन्ने गरिन्छ। सदस्यताको आधारमा जुन दल नजिकको संस्थासँग बढी भोट छ उसैले महत्त्वपूर्ण पदका लागि बार्गेनिङ गर्छन् र थोरै हुनेले त्यही अनुसारको अनौपचारिक सहमति बनाएर चुनावमा जान्छन्।

यस सम्बन्धमा चितवन शाखाकी सचिव शान्ता अधिकारीको धारणा छ :

> चौतारी, युनियन र क्रान्तिकारी आदि संस्थाका सदस्यता नलिई दलगत राजनीतिबाट टाढा रहेर स्वतन्त्र पत्रकारिता गर्छु र महासङ्घको मुख्य पदमा चुनाव लड्छु भन्नेले चुनाव जित्न प्रायः असम्भव नै छ। जिल्लामा त ठयाक्कै ती संस्थाहरूको समर्थनविना चुनाव जित्न सकिँदैन र चाहेर वा नचाहेर ती संस्थाहरूको समर्थन लिनैपर्छ।[११]

प्रेस चौतारी, प्रेस युनियन र क्रान्तिकारी पत्रकार सङ्घमा स्वभावतः पुरुषकै बाहुल्य छ। जसले गर्दा अवसर र अधिकार पनि पुरुषहरूले नै बढी पाउँछन्। यस सम्बन्धमा महासङ्घकी केन्द्रीय सदस्य यशोदा तिम्सिना आफ्नो चुनावी अनुभव बाँड्छिन् :

> महासङ्घको चुनाव लड्न राजनीतिक दलको लाइसेन्स ल्याउनुपर्ने अवस्था छ। पत्रकार महिलाहरू पनि पार्टीमा उत्तिकै संलग्न छन्। तापनि पार्टीहरूमा पुरुषकै वर्चश्व रहेकोले आखिर पुरुष पत्रकारहरू नै पार्टीको छनोटमा पर्ने र पार्टी कार्यकर्ता जस्तो पत्रकारले पार्टीको ह्विप मान्ने हुनाले उनीहरूले सही नेतृत्व छान्न होइन पार्टीको निर्देशन मान्न उद्यत हुन्छन्।[१२]

## पत्रकार महिलाका व्यावहारिक कठिनाइ

पत्रकार महिला उम्मेदवारका सवालमा राजनीतिक मात्र होइन थुप्रै सामाजिक, आर्थिक तथा व्यावहारिक कठिनाइहरू पनि छन्। खास गरी घर, परिवार, सामाजिक मूल्य मान्यता, समय सीमा, स्रोत तथा साधनका कारण महिला उम्मेदवारहरूले चुनावका बेला मतदाताहरू समक्ष आफूलाई चिनाउन र आफ्ना

---

[११] शान्ता अधिकारीसँग २०६५ चैतको दोस्रो हप्तामा चितवनमा भएको कुराकानी।

[१२] यशोदा तिम्सिनासँग २०६५ चैतको तेस्रो हप्तामा भएको टेलिफोन कुराकानी।

चुनावी एजेन्डा तथा अन्य विषयमा छलफल चलाउन अप्ठेरो परेको अनुभव महिला उम्मेदवारहरूको छ ।

एकातिर गत चुनावका लागि विभिन्न कार्यक्रमका नाउँमा केन्द्रीय नेतृत्वमा रहेका र नरहेका पुरुषहरू चुनाव आउनु केही समय अघिदेखि नै विभिन्न जिल्लामा भ्रमण गर्ने र त्यहाँका पत्रकारहरूसँग सम्पर्क बढाउने काममा लागिसकेका थिए । अर्कोतिर चुनाव आउनु एक महिना अघिसम्म पनि सम्भावित उम्मेदवार महिलाहरूले चुनावमा के कसरी जाने आफ्ना साथीहरूबीच छलफलसम्म पनि गरेका थिएनन् । चुनावको दुई/तीन दिन अघिदेखि नै देशभरिका सभासद्हरू काठमाडौँमा मतदान गर्न आइसकेका थिए । तर महिला उम्मेदवारहरूले चाहिँ सम्पूर्ण सभासद्हरूलाई चिन्ने मौकासम्म पाएका थिएनन् । जिल्लाबाट मतदान गर्न आएका करिब आठ/नौ सय जति सभासद्हरूलाई महासङ्घले काठमाडौँको सुन्धारास्थित विभिन्न होटल तथा लजहरूमा राखेको थियो । चुनावका सम्पूर्ण उम्मेदवारहरू दुई/तीन दिनदेखि भोट माग्नका लागि ती होटल तथा लजहरूमा धाइरहेका देखिन्थे । साँझ परेपछि मतदाता र उम्मेदवारबीच रक्सी, बियर खाने र खुवाउनेको पनि लहर देखिन्थ्यो । तर महिला उम्मेदवार यस किसिमका अनौपचारिक खाने पिउने कार्यक्रममा संलग्न हुने अवस्था थिएन । यस सम्बन्धमा यशोदा तिम्सिना भन्छिन् :

> चुनावका बेला सुन्धाराका विभिन्न गेष्ट हाउसमा राखिएका पार्षद्लाई उम्मेदवारीहरू भेट्न जान्थे । रात विरात पार्षद भेट्न गएका पुरुष उम्मेदवारहरू उतै बस्ने खाने गर्थे । तर, महिला उम्मेदवारहरूले घरको काम पनि सम्हाल्नुपर्ने र राति अबेरसम्म बाहिर बस्न पनि नपाइने कारणले न त उनीहरू बिहानीको तातो चियाका जमघटमा सहभागी हुन सके न त बेलुकीको चिसो चियाका समारोहमा नै पुग्न सके । यस्तो अवस्थाले गर्दा महिलाले चुनाव प्रचार प्रसार गर्ने र आफ्ना एजेन्डाका बारेमा कुरा गर्ने अवसर कम पाए । जबसम्म स्वस्थ वातावरणमा चुनावमा जान पाउने अवस्था हुँदैन तबसम्म कुनै पनि महिलाले महासङ्घको नेतृत्वको बागडोर सम्हाल्ने सम्भावना हुँदैन ।[१३]

यसरी एकातिर पत्रकार महिला उम्मेदवारले आफ्ना मतदातासमक्ष व्यावहारिक कठिनाइका कारण आफ्ना लागि प्रचार प्रसार गर्ने अवसर कम पाए । अर्कातिर, मतदातालाई प्रभावमा पार्नका लागि पुरुष पत्रकारहरूले जुन

---

[१३] महासङ्घकी केन्द्रीय सदस्य यशोदा तिम्सिनासँग २०६५ चैतको तेस्रो हप्ता भएको टेलिफोन कुराकानी ।

किसिमका चलखेलहरू गर्न सके त्यसलाई रोक्न सक्ने अवस्था पनि थिएन । यस्तो अवस्थाले पनि चुनावी प्रतिस्पर्धामा महिला उम्मेदवारलाई पछाडि पार्‍यो ।

## अन्तमा

सम्पूर्ण पत्रकारहरूका हक हितका लागि स्थापित पत्रकारहरूको छाता सङ्गठन भनेर चिनाइने महासङ्घको नेतृत्व तहमा महिलाको समानुपातिक प्रतिनिधित्व छैन । त्यसो हुँदा महिलाको विचार, दृष्टिकोण र भनाइहरूले महासङ्घको निर्णय प्रक्रियामा स्थान पाउन सकेको छैन । पत्रकार महिला पत्रकारिताको निर्णायक तहमा नभएकाले आम महिलाको विचार, दृष्टिकोण र भनाइहरूले पनि पत्रकारितामा आवश्यक मात्रामा ठाउँ पाउन सकिरहेका छैनन् । यो दुःखद कुरा हो । तर पत्रकार महिलाको पत्रकारितासम्बन्धी सीप र नेतृत्व विकासका लागि तथा आम महिलाको विचार, दृष्टिकोण र वास्तविक अवस्थालाई पत्रकारिता क्षेत्रमा अझ बढी संलग्न गराउनका लागि पत्रकार महिला महासङ्घको नेतृत्वमा पुग्नु आवश्यक छ ।

महासङ्घ प्रेस स्वतन्त्रता र लोकतन्त्रका पक्षमा वकालत गर्ने देशभरिका पत्रकारहरूको व्यावसायिक सङ्गठन हो भन्ने छवि प्रस्तुत गर्न महासङ्घको पुरानो संरचनामा थुप्रै परिवर्तनहरू ल्याउन जरुरी छ । त्यसका लागि प्रथमतः महासङ्घलाई दलगत राजनीतिबाट माथि उठाउनु पर्दछ । पत्रकारले व्यक्तिगत स्वतन्त्रता प्रयोग गरेर जुन पार्टीलाई भोट खसाले पनि वा जुनसुकै दललाई रोजे पनि महासङ्घको नेतृत्व चयनमा त्यसको प्रभाव पर्नु हुँदैन । महासङ्घको आम्दानीको स्रोत, खर्च तथा अन्य निर्णय प्रक्रिया पारदर्शी बनाइनु पर्दछ । महासङ्घका आठ हजार सदस्यको सूचीलाई केलाएर हेर्दा तीमध्येका ३० प्रतिशतभन्दा बढी सदस्यहरू गैरपत्रकार वा पत्रकारिता पेशा छोडेर अन्यत्रै लागिसकेकाहरू छन् । तिनको सदस्यता नवीकरण गरिनु हुँदैन । प्रत्येक सदस्यलाई मतदानको अधिकार प्रदान गर्न सभासद् वा पार्षद् प्रथा खारेज गरेर नयाँ र वैज्ञानिक निर्वाचन प्रणाली लागू गरिनुपर्दछ । यदि पार्षद् प्रथा खारेज गरेर प्रत्येक सदस्यलाई मतदानको अधिकार प्रदान गर्दा चुनावको खर्च बढ्छ भन्ने तर्क गर्ने हो भने यो जायज छैन । किनभने नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार गत चुनावमा महासङ्घले कुल २९ लाख ९ सय ३ रुपियाँ खर्च गरेको थियो । तर महासङ्घले व्यवस्थित ढङ्गले चुनावमा खर्च गर्ने हो र वैज्ञानिक ढङ्गको चुनाव प्रणाली विकास गर्ने हो भने योभन्दा कम खर्चमा नै सफल रूपमा चुनाव सम्पन्न हुनसक्छ ।

केन्द्रीय तथा जिल्ला नेतृत्वमा महिला, दलित, जनजाति, मधेसी आदि पछाडि पारिएका समुदायलाई प्रतिनिधित्व गर्ने पत्रकारहरूको समानुपातिक सहभागिता हुनुपर्दछ र यसका लागि अहिलेदेखि नै छलफल, बहस र गृहकार्य थालिनुपर्दछ। यतिमात्र होइन देश सङ्घीय व्यवस्थामा जाने निर्णय भइसकेकाले अब महासङ्घको सङ्घीय संरचना कस्तो हुनुपर्छ भन्ने विषयमा छलफल र बहस चलाउन पनि आवश्यक भइसकेको छ।

काठमाडौँमा बसेर पत्रकारिता गर्ने केहीलाई छोडेर देशभरिका अधिकांश पत्रकार महिलाहरू विषयगत ज्ञान, लेखन सीप, स्रोत, साधन र नेतृत्व आदि विषयमा पुरुषको तुलनामा अझै पछाडि नै छन्। यो अवस्थामा पत्रकार महिलाहरू आफैँले आफ्ना लेखन, सम्पादन, विषयगत ज्ञान र नेतृत्व क्षमता बढाउन त लागिपर्नु पर्छ नै, उनीहरूको बहुपक्षीय विकासका लागि नीति नियममा परिवर्तन ल्याउनुका साथै सकारात्मक विभेदको व्यवस्था गरिनु पनि उत्तिकै आवश्यक छ।

**धन्यवाद**

यो लेख यस रूपमा आउनुअघि विभिन्न मस्यौदा पढेर परिमार्जनका लागि सुझाव दिनुहुने मार्टिन चौतारीका प्रत्यूष वन्त, शेखर पराजुली, संगीता पाण्डे र देवराज हुमागाईंप्रति आभारी छु।



## Chautari Book Series - 40

*Suitably Modern* traces the growth of a new middle class in Kathmandu as urban Nepalis harness the modern cultural resources of mass media and consumer goods to build modern identities and pioneer a new sociocultural space in one of the world's "least developed countries."

Since Nepal's "opening" in the 1950s, a new urban population of bureaucrats, service personnel, small business owners, and others have worked to make a space between Kathmandu's old (and still privileged) elites and its large (and growing) urban poor. Mark Liechty looks at the cultural practices of this new middle class, examining such phenomena as cinema and video viewing, popular music, film magazines, local fashion systems, and advertising. He explores three interactive and mutually constitutive ethnographic terrains: a burgeoning local consumer culture, a growing mass-mediated popular imagination, and a recently emerging youth culture. He shows how an array of local cultural narratives—stories of honor, value, prestige, and piety—flow in and around global narratives of "progress," modernity, and consumer fulfillment. Urban Nepalis simultaneously adopt and critique these narrative strands, braiding them into local middle-class cultural life.

Building on both Marxian and Weberian understanding of class, this study moves beyond them to describe the lived experience of "middle classness"—how class is actually produced and reproduced in everyday practice. It considers how people speak and act themselves into cultural existence, carving out real and conceptual spaces in which to produce class culture.